गजुरी गाउँपालिका

# गाउं कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०९/१७

आ.ब. २०७६/०७७ मा यस गाउंपालिकाको बिभिन्न स्थानहरुमा निम्न सडक, भवन तथा सिंचाई तयोजनाहरु निर्माण कार्य बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य , मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०३०३०४०१८१०७ मा जम्मा गरेको भौचर , आ.व. ०७६/०७७ का लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पुर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत बोलपत्र प्रकियामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नुपर्नेछ ।

२. खरिद भएका वोलपत्रहरुको प्रत्येक आइटम स्पष्टसंग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले ३२ औं दिन( ३१ औं दिन शनिवार परेकोले) को १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्ने छ । दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु सोही दिनको १४.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. वोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं.१०३०३०३००७१०७ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलवन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्याता प्राप्त वैंकबाट सार्वजनिक खरिद कार्यालयको ढांचा बमोजिम वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. वोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।

५. वोलपत्रदाताले आफूले कवोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत नियमानुसार भूक्तानी गरिने छ ।

६. वोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

८. वोलपत्र शर्त रहित,यस कार्यालयले उपलव्ध गराएको वोलपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको वोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

९. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. वोलपत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ र गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा गजुरी गाउपालिकाको सार्वजनिक खरीद नियमावली , २०७६ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

१४. शिलवन्दी वोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

१५. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा गजुरी गाउपालिकाको सार्वजनिक खरीद नियमावली , २०७६ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. वोलपत्र दाताहरुले e-bidding ( PPMO को web site , http:/bolpatra.gov.np ) को माध्यमबाट समेत वोलपत्रको प्रकृयामा भाग लिन सकिने छ ।

**कामको विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | Gajuri /works/NCB-07/2076/077 | मानेभञ्ज्याङ देउराली सडक स्तरोन्नती | ८५,०५,११८।०४ | २,९०,०००।०० | ३०००।० |
| २. | Gajuri /works/NCB-08/2076/077 | जैसीटार स्यांमैडाडा पञ्चकन्या विद्यालय रिमालटार सडक को स्तरोन्नती | ४२,९५,२७७।९६ | १,४०,०००।०० | ३०००।० |
| ३. | Gajuri /works/NCB-09/2076/077 | आपटार कुलो निर्माण | ८५,९१,१२५।८० | २,९०,०००।०० | ३०००।० |
| ४. | Gajuri /works/NCB-10/2076/077 | डोल भञ्ज्याङ मा.वि. छात्रवास भवन निर्माण | ५४,३१,७०२।५९ | १,८०,०००।०० | ३०००।० |

प्रमुख प्रशासकीय अधिकृत